नेपाल सरकार

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

# उद्योग विभाग

त्रिपुरेश्वर, काठमाडौं

## ट्रेडमार्क दर्ता सम्बन्धी सूचना

**(सूचना प्रकाशन मितिः २०८२/०५/०३)**

पेटेन्ट, डिजायन तथा ट्रेडमार्क ऐन, २०२२ तथा प्रचलित कानून बमोजिम आफ्नो व्यवसाय वा सेवाको ट्रेडमार्क दर्ता गर्न यस विभागमा दरखास्त पेश गरेका दरखास्तवालाहरूले यो सूचना प्रकाशन भएको मितिले ९० (नव्वे) दिनभित्र देहाय बमोजिम गर्न अनुरोध छ :

१. ट्रेडमार्क दर्ताका लगि आवश्यक कागजात र प्रक्रिया पूरा गरी दावी विरोधका लागि नब्बे दिनको अवधि तोकी औद्योगिक सम्पत्ति बुलेटिनमा सूचना प्रकाशन गर्नुपर्ने प्रावधान अनुसार तत् तत् निवेदनसाथ आवश्यक कागजात पेश नगरी हालसम्म पनि बुलेटिनमा प्रकाशन गर्ने निर्णय नभएका दरखास्तवालाहरूले विभागमा सम्पर्क गरी अपुग कागजातहरू पेश गर्न ।

२. ट्रेडमार्क दर्ताका लागि सम्पूर्ण प्रक्रिया पूरा भएका दरखास्तहरूमा तोकिएको दस्तुर तिरी प्रमाणपत्र लिनुपर्नेमा सो लिन नआएका आवेदकहरूले तोकिएको दस्तुर दाखिला गरी प्रमाणपत्र लिनका लागि सम्पर्क गर्न ।

माथिका कार्यका सम्वन्धमा उल्लिखित अवधिभित्र सम्पर्क राख्न नआएमा कागजात नपुगेका दरखास्त र औद्योगिक सम्पत्ति बुलेटिनमा सूचना प्रकाशन भई दर्ता प्रमाणपत्र नलिएका दरखास्तवालाहरूको दरखास्तउपर कुनै कारवाही नगरी यो सूचना प्रकाशन भएको ९१ (एकानव्वे) औं दिनमा दरखास्त खारेज भईजाने बेहोरा सम्बन्धित दरखास्तवालाहरूलाई जानकारी गराइन्छ ।

साथै, पेटेन्ट, डिजायन तथा ट्रेडमार्क ऐन २०२२ को दफा १८ग. बमोजिम यस विभागमा दर्ता भएका ट्रेडमार्कहरू दर्ता भएको मितिले सम्बन्धित ट्रेडमार्क धनीले एक वर्षसम्ममा प्रयोगमा ल्याउनुपर्ने व्यवस्था बमोजिम प्रयोगमा ल्याएको प्रमाण वा उत्पादनको नमूनासहित यो सूचना प्रकाशन भएको मितिले ६० (साठी) दिनभित्र विभागलाई जानकारी गराउनको लागि विभागको मिति २०८२/०४/३० को निर्णय अनुसार यो सूचना प्रकाशन गरिएको छ ।

Scanned with CamScanner